# बागमती प्रदेश सभा
# सार्वजनिक लेखा समिति
# हेटौंडा, मकवानपुर, नेपाल

## बैठक -७९

मितिः २०७९/०५/३१ गते

**निर्णयहरुः**

१. महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८ र २०७९ माथि दफावार छलफल गर्न गठित उपसमितिहरुको हालसम्मको कार्यप्रगति सम्बन्धमाः

- उपसमिति १( संयोजक मा. जीवन डंगोल) : मन्त्रालय तथा निकायहरुबाट बेरुजुको दफाहरु उपर जवाफ प्राप्त भएको,
- उपसमिति २ (संयोजक मा. चन्द्र बहादुर लामा) : मन्त्रालय तथा निकायहरुबाट बेरुजुको दफाहरु उपर जवाफ प्राप्त भएको,
- उपसमिति ३ (संयोजक मा. सीता अधिकारी) : केही दफाहरुका सम्बन्धमा स्थलगत अनुगमन वा प्रमाण कागजात प्राप्त भई निर्णय हुनुपर्ने गरी बाँकी दफाहरुको निर्णयसहितको प्रतिवेदन प्राप्त भएको,
- उपसमिति ४ (संयोजक मा.रमेश पौड्याल) : केही दफाहरुका सम्बन्धमा स्थलगत अनुगमन वा प्रमाण कागजात प्राप्त भई निर्णय हुनुपर्ने गरी बाँकी दफाहरुको निर्णयसहितको प्रतिवेदन प्राप्त भएको,

प्राप्त प्रतिवेदनहरु र सोको निर्णयहरु ग्रहण गरी सम्पूर्ण निर्णयहरु समितिको निर्णयको रुपमा पारित गर्ने र निर्देशनहरु कार्यान्वयन गराउने ।

२. प्रत्येक मन्त्रालय तथा निकायहरुमा बेरुजुसम्बन्धी हेर्ने छुट्टै शाखा स्थापना गर्न निर्देशन दिने,

३. सचिवालयबाट यस कार्यकालको समीक्षात्मक उपलब्धी सहितको पुस्तक प्रकाशनार्थ आवश्यक विवरण सहितको प्रतिवेदन .परामर्शदाता विज्ञबाट प्राप्त भएकाले सो विवरण सचिवालयलाई उपलब्ध गराउने,

४. चौथो वार्षिक प्रतिवेदन पेश गरेपश्चात समितिले हालसम्म गरेका कार्यहरुको विवरण सहितको प्रगति विवरण माननीय सभामुखज्यू समक्ष पेश गर्ने,

५. "वित्तीय अनुशासनः जनतामा सुशासन; मितव्ययिता र पारदर्शिताः बेरुजुको शुन्यता" भन्ने मूलमन्त्रलाई आत्मसात गर्दै काम गरेको सार्वजनिक लेखा समितिको यस कार्यकाल सफल

बनाउन समन्वय, सहजीकरण, सहयोग तथा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने माननीय सभामुखज्यू, उपसभामूखज्यू, प्रदेश सभा सचिवालयका कर्मचारीहरु, मन्त्रालयका मन्त्रीहरु/ सचिवहरु, प्रदेश सरकार मातहतका मन्त्रालय निकाय तथा कार्यालयहरु, परामर्शदाता तथा विज्ञहरु,साझेदार संघसंस्था, पत्रकार लगायत सरोकारवाला सबैमा धन्यवाद ज्ञापन गर्ने ।